NIC ASIA CAPITAL

ISO 9001 : 2015 Certified Capital

**ICRA RATING:**
**AMC Quality 3**

# प्रेस विज्ञप्ति
## कार्तिक २२, २०७९

## एन आई सी एशिया क्यापिटलद्वारा संचालित पहिलो खुलामुखी योजनाको Dividend Re-investment Plan सम्बन्धमा ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत संचालित पहिलो खुलामुखी योजना **"एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड"** ले इकाईधनीहरुलाई आ.व. २०७८/०७९ मा ६ प्रतिशत (कर सहित) का दरले प्रतिफल वितरण गर्ने घोषणा गरिसकेको र उक्त प्रतिफल वितरण गर्नको लागि मिति २०७९/०७/१५ गते इकाईधनी दर्ता किताव बन्द गरिएको व्यहोरा समेत सम्बन्धित सवैमा जानकारी गराईन्छ ।

एन आई सी एशिया क्यापिटलले खुलामुखी योजना एन आई सी एशिया डाइनामिक डेप्ट फण्डबाट वितरण गरिने प्रतिफललाई पून: लगानी गर्न मिल्ने गरि Dividend Re-investment Plan संचालन गरिरहेको व्यहोरा अनुरोध छ । उक्त योजनामा सहभागि हुनको लागि एन आई सी एशिया क्यापिटलको वेभसाइट www.nicasiacapital.com वा सोझै https://bit.ly/3Ef0Kvw मा क्लिक गरि रितपुर्वक विवरण भरि उक्त प्रतिफल रकम बराबरको इकाई सम्बन्धित इकाईधनीको हितग्राही खातामा पठाइदिने व्यवस्था मिलाइएको हुँदा उक्त Dividend Re-investment Plan मा मिति २०७९/०७/३० गतेसम्म आवेदन दिने इकाईधनीहरु मात्र उक्त योजनामा सहभागी हुन सक्नेछन् ।

माथि उल्लेखित समय भित्र Dividend Re-investment Plan मा सहभागी नहुने इकाईधनीहरुको हकमा उक्त प्रतिफल बापतको रकम मिति २०७९/०७/३० गते पश्चात् सम्बन्धित इकाईधनीहरुको हितग्राही खातामा उल्लेख गरिएको बैंक खातामा सोझै जम्मा हुने गरी वितरण गरिने व्यहोरा जानकारी गराइन्छ । Dividend Re-investment Plan मा सहभागि हुनको लागि आवेदन दिएका इकाईधनीहरुको हकमा समेत प्राप्त गर्ने प्रतिफल रकमबाट योजनामा सहभागि हुन मिल्ने अन्तिम दिन अर्थात मिति २०७९/०७/३० गते कायम प्रति इकाई खुद सम्पत्ति मुल्यले गणना गर्दा कम्तीमा १०० इकाई खरिद गर्न नपुग्ने भएमा उक्त प्रतिफल बापतको रकम सम्बन्धित इकाईधनीलाई नै वितरण गरिने छ ।

Ramendra

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य